" कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर "

टोखा नगरपालिकाको मिति २०८२-३-८ को सत्रौं अधिवेशन वैठकमा

नगर उपप्रमुख श्री **मुरारी तामाङज्यू** द्वारा प्रस्तुत भएको

# आर्थिक बर्ष २०८२/८३ को बजेट वक्तव्य

**टोखा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**मैजुहिटी, काठमाडौं**

**बागमती प्रदेश, नेपाल ।**

टोखा नगरपालिका नगरसभाको सत्रौं अधिवेशन बैठकका अध्यक्षज्यू,

१. अध्यक्षज्यूको अनुमतिले टोखा नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सभा समक्ष नेपालको संविधानको धारा २३० वमोजिम टोखा नगरपालिकाको आगामी आर्थिक बर्ष २०८२/८३ को आय ब्ययको अनुमान सहितको बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा इतिहासको विभिन्न कालखण्डमा राष्ट्र निर्माणको लागि योगदान गर्नु हुने सबै प्रति सम्मान प्रकट गर्दछु ।

३. नगरपालिकाको दीर्घकालीन सोच " **कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर** " लाई सार्थक तुल्याउन संविधानले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही नीति/कानुन निर्माण, कार्यान्वयन, अनुगमन मूल्याङ्कन मार्फत उद्यमशिलता विकास, रोजगारी सिर्जना, आर्थिक,सामाजिक र शैक्षिक दृष्टिले पछी परेका वर्गको सशक्तिकरण र विकास, हरित तथा वातावरणमैत्री दिगो पुर्वाधार निर्माण, हरेक नागरिकलाई स्वच्छ खानेपानीको उपलब्धता, आधुनिक प्रविधिमा आधारित नागरिकमैत्री सेवा प्रवाह,जवाफदेहीता प्रवर्द्धन, मितव्ययीता, पारदर्शिता एवं उत्पादनमूलक खर्च प्रणाली मार्फत **समृद्ध टोखाः सुखी टोखावासी** बनाउने टोखा नगरपालिकाको आर्थिक बर्ष २०८२/८३ को नीति अनुकूल हुने गरी आगामी आर्थिक बर्षको बजेट तर्जुमा गरेको छु ।

४. बजेट तर्जुमा गर्दा मैले मूलतः **नेपालको संविधान र प्रचलित कानुनहरु**, दिगो विकास लक्ष्य, १६ औं आवधिक योजना, संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट तथा मार्गदर्शन, प्रथम नगर आवधिक योजनाले तय गरेका लक्ष्य, श्रोत अनुमान तथा सीमा निर्धारण समितिको सिफारिस, नगरपालिकाको आगामी आर्थिक बर्षको लागि पारित नीति तथा कार्यक्रम, स्थानीय राजस्व परामर्श समितिको सिफारिस साथै विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विज्ञ एवं अन्य सरोकारवाला महानुभावहरुको सल्लाह सुझावलाई मुख्य आधार वनाएको छु।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक बर्षको बजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न चाहान्छु ।

५. मुलुकको अर्थतन्त्रमा आएको शिथिलता संगै आर्थिक कारोवारमा कमी भई आन्तरिक राजस्व परिचालनमा अपेक्षा गरे अनुरुप प्रगति हासिल हुन सकेको छैन ।घरजग्गा कारोवारमा आएको मन्दीका कारण रजिष्ट्रेशन शुल्कको राजस्व बाँडफाँड वापतको रकम लक्ष्य गरे अनुरुप प्राप्त नहुने देखिन्छ । साधारण खर्चको हिस्सा बढ्दै गएको तथा पूँजीगत खर्चको हिस्सा घट्दै जानुका साथै विनियोजनको तुलनामा खर्चको अवस्था अपेक्षा गरे अनुरुप बढ्न सकेको छैन ।

६. सीपलाई उद्यमशिलतामा आवद्ध गरी रोजगारी सिर्जना गर्नु, चालु खर्चलाई वान्छित सीमा भित्र राखी पुंजीगत खर्च बृद्धि गरी खर्चको प्रभावकारीता बढाउनु, समयमा नै आयोजना सम्पन्न गर्नु, मापदण्ड

अनुरुप नदी/खोला तथा सडक संचालन गर्नु, सडक क्षेत्रभित्र रहेका विद्युतीय, टेलिफोन, केवल तार लगायतलाई व्यवस्थित गर्दै युटिलिटि करिडोर निर्माण गर्नु, फोहोरमैला व्यवस्थापन स्थल निर्माण, कृषि, पशुपंक्षी उपजमा विषादी नियन्त्रण गर्नु, सूचीकृत वेरोजगार सबैलाई न्यूनतम रोजगारीको सुनिश्चितता गर्नु, भूमिगत पानीका श्रोत संरक्षण गर्नु, सरकारी तथा सार्वजनिक संरचनाहरु नगरपालिका मातहतमा ल्याई सार्वजनिक हितमा प्रयोग गर्नु हाम्रो सामु चुनौतिको रुपमा रहेका छन् । मैले पेश गरेको बजेटले विद्यमान चुनौतिको सामना गर्दै बिकास निर्माण र सेवा प्रवाह मार्फत टोखा नगरपालिकाको समृद्धिमा योगदान पुर्याउने बिश्वास लिएको छु ।

७. गत बर्षबाट शुरु भएको कर अभियानलाई निरन्तरता दिदै यस बर्ष क्षेत्र विस्तार गरी सम्पतिकर, बहालकर र व्यवसायकर सम्बन्धमा सचेतना, कर संकलन तथा प्रचारप्रसारको माध्यमबाट करदाताको संख्या बृद्धि भएको छ भने नागरिकहरु कर तिर्नुपर्ने कर्तव्य प्रति संबेदनशिल भएका छन् , जसले गर्दा आगामी दिनहरुमा नगरपालिकाको आन्तरिक आम्दानीमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरेको छु ।

८. २०८१ जेठ मसान्त सम्म आर्थिक बर्ष २०८०/८१ को आन्तरिक आय प्राप्ती रु. २९ करोड ६५ लाख ६० हजार रहेकोमा २०८२ जेठ मसान्त सम्म आर्थिक बर्ष २०८१/८२ को आन्तरिक आय प्राप्ती रु. २७ करोड ६७ लाख ९३ हजार रहेको छ । जुन, समिक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको भन्दा चालु आर्थिक बर्षको आन्तरिक आय **६.६७ प्रतिशतले घटी** हुन आउँछ ।त्यसैगरी चालु आर्थिक बर्षको लागि आन्तरिक आयको संशोधित अनुमान ३२ करोड ८८ लाख २१ हजार रहेकोमा २०८१ जेठ मसान्तसम्म वास्तविक आन्तरिक आय संशोधित अनुमानको **८४.१८ प्रतिशत मात्र प्राप्त भएको** छ ।

९. आर्थिक बर्ष २०८०/८१ को यथार्थ खर्च **६९.६३ प्रतिशत** रहेको थियो । सम्बन्धित शीर्षकमा विनियोजित रकममध्ये चालु खर्च ८०.१० प्रतिशत र पूँजीगत खर्च ६२.४६ प्रतिशत भएको थियो ।

१०. चालु आर्थिक बर्ष २०८१/८२ मा कूल आय-व्ययको अनुमान रु. १ अर्व ८१ करोड ६२ लाख ४४ हजार, जसमध्ये चालु खर्च रु. ७८ करोड ४५ लाख ५७ हजार अर्थात ४३.२० प्रतिशत र पूँजीगत खर्च रु. १ अर्ब ३ करोड १६ लाख ८७ हजार अर्थात ५६.८० प्रतिशत हुने संशोधित अनुमान रहेकोमा २०८२ जेठ मसान्त सम्म **चालु खर्च** रु. ४४ करोड ७२ लाख ९२ हजार अर्थात ५७.०१ प्रतिशत र **पुँजीगत खर्च** रु. ३४ करोड ४७ लाख ४४ हजार अर्थात ३३.४२ प्रतिशत गरी **कूल खर्च** ७९ करोड २० लाख ३६ हजार अर्थात **४३.६१** प्रतिशत रहेको छ । सो अवधि सम्मको कूल खर्च मध्ये चालु खर्चको हिस्सा ५६.४७ प्रतिशत र पूँजीगत खर्चको हिस्सा ४३.५३ प्रतिशत हुन आउँछ ।

११. बिषय क्षेत्रगत रुपमा चालु आर्थिक बर्षको लागि विनियोजित रकम र २०८२ जेठ मसान्त सम्मको वास्तविक खर्च सम्वन्धी विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विषयगत क्षेत्र | विनियोजित रकम रु. हजारमा | विनियोजन प्रतिशत | वास्तविक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४८३२३ | २.६६ | १५०३७ | ३१.१२ |
| २ | सामाजिक विकास | ३७०७२१ | २०.४१ | १४९७९४ | ४०.४१ |
| ३ | पूर्वाधार विकास | ८४५३९३ | ४६.५५ | २९८४२७ | ३५.३० |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | ६२८५९ | ३.४६ | २३८०६ | ३७.८७ |
| ५ | सुशासन तथा संस्थागत विकास | ४८८९४८ | २६.९२ | ३०४९७२ | ६२.३७ |
| | कूल | १८१६२४४ | १००.०० | ७९२०३६ | **४३.६१** |

१२. आर्थिक बर्षको अन्त्यसम्म कूल विनियोजनको करिव ६८ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । कूल वास्तविक खर्च मध्ये चालु तर्फ ५५ प्रतिशत र पूँजीगततर्फ ४५ प्रतिशत एवं सम्बन्धित खर्च शिर्षकमा कूल विनियोजन मध्ये चालु तर्फ ८० प्रतिशत र पूँजीगत तर्फ ५९ प्रतिशत खर्च हुने संशोधित अनुमान गरेको छु ।

१३. चालु आर्थिक वर्षको लागि अनुमानित आयमध्ये आर्थिक वर्षको अन्त्यसम्म ९५ प्रतिशत वास्तविक आय हुने संशोधित अनुमान छ । चालु आर्थिक वर्षको लागि संशोधित अनुमानित आन्तरिक आय मध्ये आर्थिक वर्षको अन्त्यसम्म वास्तविक आन्तरिक आय ९६ प्रतिशत प्राप्त हुने अनुमान गरिएको छ । कूल आन्तरिक आय मध्ये सम्पति कर क्षेत्रको हिस्सा उच्च रहने र यसको अंश करिब ३२.५४ प्रतिशत हुने अनुमान गरेको छु ।

१४. चालु आर्थिक बर्षको लागि स्वीकृत पूर्वाधारतर्फको आयोजना कूल संख्या ५७१ मध्ये २०८२ जेठ मसान्त सम्म २३९ वटा आयोजनाहरु सम्पन्न भएका र बाँकी आयोजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् । महालेखा परीक्षकको कार्यालयबाट जारी आर्थिक बर्ष २०८०/८१ को लेखा परीक्षण प्रतिवेदन अनुसार सो आर्थिक बर्षको कूल बेरुजु रु. ३ करोड ७७ लाख १७ हजार ८ सय २० अर्थात कूल लेखापरीक्षण अंकको १.३८ प्रतिशत रहेको छ ।

१५. गत आर्थिक बर्षमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ९०.२५ अंक तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा ८८.०० अंक प्राप्त भएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म प्रस्तावित बजेटका उद्देश्यहरु र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।**

१६. प्रस्तावित बजेटका उद्येश्यहरु निम्नानुसार रहेका छन् ।

क. रोजगारी सिर्जना र गरिबी निवारण गर्नु,

ख. स्रोत साधनको सन्तुलित र अधिकतम् परिचालन मार्फत दीगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्नु,

ग. सार्वजनिक सेवालाई छिटो, छरितो, गुणस्तरीय र प्रभावकारी वनाउनु,

घ. दीगो विकास लक्ष्यको स्थानीयकरण मार्फत दिगो विकास लक्ष्यका सूचकहरु हासिल गर्नु तथा देशलाई विकासशिल तथा मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न योगदान पुर्याउनु,

१७. प्रस्तावित बजेटका मुख्य प्राथमिकता देहायबमोजिम तय गरेको छु ।

क. उद्यम विकास तथा पर्यटन प्रवर्द्धन

ख. लक्षित बर्गको सशक्तिकरण र विकास मार्फत आर्थिक, सामाजिकस्तरमा परिवर्तन

ग. दिगो पूर्वाधार निर्माण

घ. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सूचना प्रविधि मैत्री सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन

ङ. करदातामैत्री कर प्रणाली, करको दरमा समयसापेक्ष हेरफेर तथा दायरा विस्तार मार्फत आन्तरिक राजस्व परिचालनमा बृद्धि

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०८२/८३ को बजेटका मुख्य मुख्य कार्यक्रम र विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

१८. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावण पहिलो हप्ताभित्र तयार गरी कार्यान्वयनमा लगिनेछ । बजेट कार्यान्वयनको लागि आवश्यक कानुन निर्माण तथा संशोधन, कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति, संरचना लगायतका संयन्त्रको विकास र सुदृढीकरण गरिनेछ । संचालित आयोजना तथा कार्यक्रमहरुको परिमाण, गुणस्तर, समय र लागतका सम्बन्धमा नियमित रुपमा नतिजामूलक अनुगमन र मूल्याङ्कन गर्ने, बजेट कार्यान्वयन सम्बन्धमा समय समयमा समिक्षा गर्दै कार्यान्वयनमा देखिएका समस्याको तत्काल समाधान गरी शत प्रतिशत बजेट कार्यान्वयन हुनेगरी काम गरिनेछ।

१९. उत्पादन र उत्पादकत्व वृद्धि मार्फत बेरोजगारी र गरिबी घटाउन उद्यमशिलता विकास, स्टार्ट अप बिजनेस, लघु, घरेलु तथा साना उद्योग प्रबर्धन लगायत सिपमूलक एवं आयमूलक कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु । पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय स्थलहरुको प्रचार प्रसार, पर्यटकीय पूर्वाधारको विकास लगायतका कार्यको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

२०. कृषि तथा पशुपंक्षी उद्योगलाई आधुनिक, प्रविधिमैत्री एवं व्यवसायिक बनाई उत्पादन/उत्पादकत्व बृद्धिको लागि विभिन्न कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।कृषि तथा पशुपंक्षी सेवामा बीमा सेवा बिस्तार गरिनेछ ।

२१. सूचीकृत वेरोजगारहरुलाई न्यूनतम अवधिको रोजगारीको सुनिश्चितताको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।संघीय सरकारसँगको लागत साझेदारीमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरी मनोसामाजिक परामर्शकर्ता र रिटर्नी भोलन्टियर्सको व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

२२. नगरपालिकाभित्र बस्ने विपन्न तथा कमजोर नागरिक, बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुले व्यवसाय/उद्यम संचालन गर्न चाहेमा वीउ पूँजी उपलव्ध गराउनको लागि रु. १० लाख विनियोजन गरेकोछु ।

२३. CTEVT र CTEVT वाट सम्बन्धन प्राप्त संस्थाहरुको समन्वयमा निर्धारित पाठ्यक्रममा आधारित सीपमूलक (सीप परीक्षण सहितका) कार्यक्रम संचालनको लागि रु. ५० लाख विनियोजन गरेको छु ।

२४. उपयुक्त स्थानमा चाकु स्तम्भ निर्माणको लागि रु. १५ लाख विनियोजन गरेकोछु ।

२५. संघ र प्रदेश सरकारसँगको सहकार्यमा विद्यालय शिक्षालाई अनिवार्य, निःशुल्क, आधुनिक, प्रविधिमैत्री, उच्च गुणस्तरीय, जीवनोपयोगी एवं अनुसन्धान, अन्वेषण केन्द्रित बनाउन आवश्यक बजेट बिनियोजन गरेकोछु ।सम्पूर्ण सामुदायिक विद्यालयहरुको भौतिक संरचना (भवन, बिद्यालय बस लगायत) स्तरीय बनाईनेछ ।

२६. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको प्रोफाईल निर्माण गर्न रु ५ लाख विनियोजन गरेको छु । सार्वजनिक निजी साझेदारी मार्फत हरित विद्यालय निर्माणको लागि रु १० लाख विनियोजन गरेको छु ।

२७. आर्थिक, सामाजिक वा भौगोलिक रुपले पछाडी परेका महिला, दलित, जनजाति, अपाङ्गता भएका, मजदुर, विपन्न बर्गका विद्यार्थीहरुलाई छात्रवृत्ती उपलव्ध गराउन छात्रवृत्ती कोषमा रु. २० लाख विनियोजन गरेको छु ।

२८. टोखा नगरपालिकाभित्रका विपन्न नागरिकहरुलाई नेपाल सरकारबाट संचालित स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउन रु. १० लाख बिनियोजन गरेको छु ।

२९. मानसिक स्वास्थ्य क्षेत्रमा देखिएका समस्या सम्बोधन गरी मानसिक स्वास्थ्यको संरक्षण, संवर्द्धन गर्न विभिन्न क्रियाकलाप संचालनको लागि रु १० लाख विनियोजन गरेको छु ।

३०. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका बालबालिकाको हकमा नेपाल सरकारले प्रदान गर्ने रकममा रु. ५ थप तथा कक्षा ६ देखि १० सम्म अध्ययनरत बालबालिकाहरुलाई रु. २५ का दरले हुने गरी मेयर दिवा खाजा कार्यक्रम संचालनको लागि कूल रु. २ करोड ५२ लाख रकम विनियोजन गरेको छु ।

३१. नगरस्तरीय खेलमैदान निर्माणको लागि आवश्यक रकम बिनियोजन गरेको छु । नगर खेलकूद विकास समितिलाई थप क्रियाशिल बनाई एकद्धार प्रणालीबाट नगरभरीका सम्पूर्ण खेलकूद गतिविधिहरु संचालन र नियमन गरिनेछ । नगरखेलकुद विकास समिति मार्फत संचालन हुने खेलकूद गतिविधिहरुको लागि रु ७५ लाख रकम विनियोजन गरेको छु । राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालनको लागि रु १२ लाख रकम विनियोजन गरेको छु ।

३२. टोखा नगरपालिकाको गौरबको रुपमा रहेको भगवती क्लव हालसालै **बि** डिभिजन बाट **ए** डिभिजनमा स्तरोन्नती भएकोले सो क्लबलाई **ए** डिभिजनका अन्य क्लवसँग प्रतिष्पर्धी बनाई उपाधी हासिल गर्न योग्य बनाउन प्रशिक्षण, खेल सामाग्री, खेलाडी, पारिश्रमिक लगायतका आवश्यक क्रियाकलाप संचालनको लागि टोखा नगरपालिका मुख्य प्रायोजक रहने गरी प्रायोजन/सहयोग स्वरुप उपलव्ध गराउन रु. १ करोड बिनियोजन गरेको छु ।

३३. बालमैत्री स्थानीय शासनका पूर्वाधारहरू पूरा गरी बालमैत्री स्थानीय तह घोषणाको पूर्व तयारीका लागि बिभिन्न कार्यक्रमहरु संचालन गर्न रु २० लाख विनियोजन गरेको छु ।

३४. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई वर्षभरी आवश्यक पर्ने सेनेटरी प्याड वितरण गर्न रु. ३४ लाख विनियोजन गरेको छु ।

३५. सबै नागरिकलाई निःशुल्क रुपमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा गुणस्तरीय रुपमा उपलव्ध गराईनेछ ।

३६. नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा बिशेषज्ञ सेवा बिस्तार गरिनेछ। मेयर दीर्घायू निःशुल्क स्वास्थ्य परीक्षण, दीर्घरोग विरुद्धको अभियानमा मेयर कार्यक्रम, ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम, महिलाको स्तन, पाठेघरको मुखको क्यान्सर तथा पाठेघर खस्ने रोगको निःशुल्क परीक्षण गरिनेछ । सोको लागि रु. ५० लाख विनियोजन गरेको छु ।

३७. ज्येष्ठ नागरिक मिलन केन्द्र, दिवा सेवा केन्द्रहरु स्थापना तथा संचालनको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

३८. विद्यार्थी बीमा कार्यक्रम मार्फत विद्यार्थीहरुको दुर्घटना बीमा,स्वास्थ्य परीक्षण, औषधि उपचार तथा स्वास्थ्य सचेतना कार्यक्रम संचालन गर्न विद्यार्थी स्वास्थ्य उपचार कोषमा आवश्यक रकम विनियोजन गरेकोछु । बालबालिकासँग उपमेयर कार्यक्रम मार्फत विद्यालय तहका बालबालिकाहरुको निःशुल्क श्रवण, दृष्टि र दन्त परीक्षण गरी सोको निःशुल्क उपचारको व्यवस्था मिलाउन रु. २० लाख बजेट विनियोजन गरेको छु ।

३९. सुरक्षित मातृत्व प्रवर्द्धनका लागि गर्भवती, सुत्केरी घरभेट कार्यक्रम मार्फत PNC जाँच, गर्भावस्थामा एकपटक एनोमेली स्क्यान (Anomaly Scan) तथा न्यानोझोला वितरण गरिनेछ । सोको लागि रु. २० लाख विनियोजन गरेको छु ।

४०. नेपाल रेडक्रससँगको सहकार्यमा निःशुल्क रुपमा रगत उपलव्ध गराईनेछ ।नगरवासी मुटुरोगीलाई शहिद गंगालाल हृदयरोग केन्द्रको सहकार्यमा उपचारमा सहयोग उपलव्ध गराईनेछ । उल्लेखित कार्यको लागि रु. ११ लाख ५० हजार विनियोजन गरेकोछु ।

४१. ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा सांस्कृतिक सम्पतिको नियमित मर्मत संभार पुनःनिर्माण र संरक्षणको लागि आवश्यक रकम विनियोजन गरेको छु । परम्परादेखि मनाउदै आएका मेला-जात्रा, चाडपर्व, रीतिरिवाज, परम्परा, परिकार तथा संस्कृतिको संरक्षण, प्रवर्द्धन र संवर्धनको लागि विभिन्न क्रियाकलापहरु संचालन गर्न संस्कृति संरक्षण क्षेत्रमा रु ३५ लाख बिनियोजिन गरेकोछु ।

४२. भु-उपयोग क्षेत्र बर्गीकरण, भु-उपयोग योजना तर्जुमा एवं नगर यातायात गुरुयोजना निर्माणको लागि रु. ४० लाख विनियोजन गरेकोछु । संघ तथा प्रदेश सरकारको सहकार्य र समन्वयमा सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, सुरक्षित, भरपर्दो र वातावरणमैत्री बनाउन विभिन्न कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४३. नगरवासीलाई स्वच्छ र गुणस्तरीय खानेपानी सेवाको उपलव्धता सुनिश्चित गर्न विभिन्न आयोजना तथा कार्यक्रम संचालन गरिनेछन् । खानेपानी क्षेत्रमा रु ४ करोड विनियोजन गरेको छु ।

४४. संघ र प्रदेश सरकारको सहकार्य र समन्वयमा सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, सुरक्षित, भरपर्दो र वातावरणमैत्री बनाउन विभिन्न कार्यक्रम संचालनको लागि रु. १० लाख विनियोजन गरेकोछु ।

४५. नगरपालिकाभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गा संरक्षणको लागि विभिन्न क्रियाकलाप संचालन गर्न सार्वजनिक जग्गा संरक्षण क्षेत्रमा रु. ६० लाख विनियोजन गरेकोछु ।

४६. नगरपालिका क्षेत्र भित्रका विष्णुमति, साङ्गलेखोला, सपनातिर्थ लगायतका नदी, खोला, खोल्सीको संरक्षण गर्ने तथा करिडोर विस्तार कार्यको लागि रु. ३ करोड विनियोजन गरेकोछु ।

४७. नगरपालिकाका उपयुक्त स्थानमा गुणस्तरीय, आधुनिक सडकबत्ती जडानका लागि मेयर उज्यालो कार्यक्रम अन्तर्गत रु. ४ करोड विनियोजन गरेको छु । आवश्यकताको आधारमा जनता सुरक्षा कार्यक्रम अन्तर्गत सि.सि. क्यामेरा जडानको लागि रु. ८० लाख विनियोजन गरेको छु ।

४८. जनसहभागितामा आधारित विकास निर्माणलाई प्राथमिकता दिदै स्थानीय मागका आधारमा क्रमश: ४० प्रतिशत र ५० प्रतिशत जनसहभागिता मार्फत आयोजना संचालनमा जोड दिईनेछ । समपुरक मार्फत संचालन हुने आयोजनाको लागि समपुरक कोषमा रु. १४ करोड २० लाख विनियोजन गरेकोछु ।

४९. नगरपालिका भित्रका सडकहरूमा सडक सुरक्षा चिन्ह तथा सडक पूर्वाधार निर्माण गर्न रु. १५ लाख विनियोजन गरेकोछु ।

५०. निर्मित पूर्वाधारको दिगोपनाको लागि नियमित रुपमा मर्मत सम्भारको कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाइनेछ । सोको लागि मर्मत संभार कोष, विविध, भैपरी लगायतका विभिन्न शिर्षकमा आवश्यक बजेट बिनियोजन गरेकोछु ।

५१. सरसफाई, फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, जलाधार संरक्षण, भूमिगत जल पुनर्भरणको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

५२. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनको लागि पूर्व तयारी, आवश्यक सामाग्री (दमकल,फायर एक्स्टिङ्ग भ्युचर, त्रिपाल आदि) व्यवस्थापन, क्षमता अभिबृद्धि, नमुना अभ्यास जस्ता कार्य संचालन गरिनेछ । नगरस्तरीय विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना बनाई लागु गरिनेछ। विपद् संवेदिनशिल स्थानको नक्सांकन गरिनेछ । विपद् व्यवस्थापनको क्षेत्रमा रु १ करोड २० लाख विनियोजन गरेको छु ।

५३. पार्क, खुल्ला व्यायमशाला, पोखरी पुन:निर्माण/निर्माण, वृक्षारोपण, अव्यवस्थित तार/पोल व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण मार्फत शहरको सुन्दरता अभिबृद्धि गरी वातावरणमैत्री नगर निर्माण गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।

५४. सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाई नागरिकको पहुँच सुनिश्चित गर्दै प्राप्त गुनासो शिघ्र सम्बोधन गरिनेछ । नगरपालिकाबाट सम्पादन हुने कार्यका सम्बन्धमा सरोकारवाला सबैबाट प्रभावकारी अनुगमन एवं मूल्याङ्कन (३६० डिग्री ) हुने व्यवस्था मिलाईनेछ । नगरपालिकाका सबै घरहरूमा Metric Street Addressing System लागु गरी नगरपालिकाबाट प्रदान हुने सेवासंग आवद्ध गरिनेछ ।उल्लेखित कार्यको लागि २ करोड ५० लाख विनियोजन गरेकोछु । सूचना केन्द्र तथा सर्भरको स्थापना गर्न रु. ६० लाख विनियोजन गरेकोछु ।

५५. नागरिकको सेवामा पहुँचलाई छिटो, छरितो र सरल बनाउन बिभिन्न निकायबाट प्रदान गरिने सार्वजनिक सेवाहरु एउटै स्थानबाट प्रदान गर्न संघ तथा प्रदेश सरकारको सहकार्यमा नागरिक सेवा केन्द्र संचालन गरिनेछ ।

५६. उपभोक्ता समिति एवं लाभग्राही समुदायलाई सो मार्फत सम्पादन कार्यप्रति जवाफदेही र जिम्मेवार बनाउन आयोजना सम्पन्न भए पश्चात सो आयोजना सम्बन्धित उपभोक्ता समिति/लाभग्राही समुदायलाई हस्तान्तरण गर्ने एवं आयोजना सम्पन्नको मितिदेखि एक बर्ष सम्म Defect Liability Period तोकि भुक्तानीमा निश्चित प्रतिशत धरौटी वापत रकम कट्टा गर्ने व्यवस्था गरिनेछ ।

५७. न्यायीक समितिको काम कार्वाहीलाई छिटो छरितो बनाउन विभिन्न संरचना निर्माण, क्षमता अभिबृद्धि लगायतका कार्यक्रम संचालनको लागि रु २३ लाख ५० हजार विनियोजन गरेकोछु ।

५८. आर्थिक कारोवारका सबै क्रियाकलापहरूमा स्वच्छता, जवाफदेहिता, पारदर्शिता, मितव्ययिता, प्रभावकारिता र प्रतिस्पर्धा कायम गर्दै आर्थिक अनुशासनलाई कडाईका साथ पालना गर्ने, आर्थिक कारोवारको लेखाङ्कन र प्रतिवेदनलाई व्यवस्थित, प्रभावकारी, कानुन सम्मत बनाउने एवं आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट देखिएका कैफियतहरुलाई समयमा नै सुधार गरी अन्तिम लेखापरीक्षणले औंल्याउने बेरुजु रकम शून्यमा झारिनेछ । हाल सम्मको सम्पूर्ण वक्यौता बेरुजु फर्छ्यौट गरिनेछ ।

५९. गैर बजेटरी खर्च र अबण्डा बजेट मार्फत हुने खर्च नियन्त्रण गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता वृद्धि गर्दै लगिनेछ ।

६०. नगरपालिकालाई सम्पतिकर/ बहाल कर तिर्ने करदातासंगको लागत साझेदारीमा पारिवारिक स्वास्थ्य बीमा गरिनेछ ।सोको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

६१. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न रु. ६० लाख विनियोजन गरेकोछु ।

६२. भौतिक पूर्वाधार, सूचना प्रविधि र सेवाप्रवाहसँग सम्बन्धित अध्ययन अनुसन्धान तथा परामर्श सेवाको लागि रु. ४० लाख विनियोजन गरेकोछु ।

६३. नगरपालिका स्थापना भएको दिन मंसिर १६ लाई विभिन्न रचनात्मक क्रियाकलाप संचालन गरी भव्य रुपमा नगर दिवस मनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६४. वडास्तरीय आयोजना तथा कार्यक्रमहरुको लागि रु. ३१ करोड विनियोजन गरेको छु ।

६५. नगर पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत स्थानीयवासीको माग तथा वडा कार्यालयको सिफारिस अनुसार गुणस्तरीय आयोजना पहिचान गरी कार्यपालिकाको निर्णयानुसार कार्यान्वयन गरिनेछ । सोको लागि रु. ५० लाख विनियोजन गरेको छु ।

६६. स्वास्थ्य शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. २ करोड ९० लाख , शिक्षा, युवा तथा खेलकूद शाखामार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ३ करोड ५० लाख रकम विनियोजन गरेको छु । कृषि शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ७० लाख, महिला तथा वालवालिका शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ५० लाख, पशु सेवा शाखा मार्फत संचालन हुने कार्यक्रमहरुको लागि रु. ५५ लाख र सहकारी शाखा मार्फत कार्यान्वयन हुने कार्यक्रमको लागि रु. २० लाख विनियोजन गरेकोछु ।

६७. नगरपालिका भित्रका विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्न विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार कोषमा रु. २० लाख विनियोजन गरेकोछु ।

६८. टोखा नगरमा स्थायी वसोवास गर्ने महिला सरकारी स्वास्थ्य संस्थामा सुत्केरी भएमा पोषण खर्च वापत रु. ५ हजार उपलव्ध गराईनेछ । टोखा नगरवासीको मृत्यु भएमा मृतकका परिवारलाई काजक्रिया खर्च वापत प्रतिव्यक्ति रु. १० हजार उपलव्ध गराईनेछ । सोको लागि रु. १० लाख रकम विनियोजन गरेकोछु ।

६९. संघ र प्रदेश सरकारवाट सशर्त अनुदानको रुपमा प्राप्त हुने कार्यक्रम र आयोजनालाई तोकिएको शर्त तथा प्रचलित कानुन अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

७०. राजस्व परिचालनको क्षेत्रमा कर सप्ताह, कर अभियान, प्रचार प्रसार जस्ता विविध कार्यक्रम संचालनको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

७१. चालु आर्थिक बर्षमा दायित्व सिर्जना भई भुक्तानी हुन नसकेका आयोजना तथा कार्यक्रमहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु । आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम मार्फत नगरको लागि बिशेष प्राथमिकतामा रहेका आयोजनाहरु कार्यान्वयनको लागि आर्थिक बिकास, सामाजिक बिकास, पूर्वाधार बिकास, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत बिकास तथा सेवा प्रवाह क्षेत्रमा आवश्यकताको आधारमा बजेट विनियोजनको व्यवस्था मिलाएको छु ।

७२. नगर सभाको सत्रौं अधिवेशनबाट आर्थिक बर्ष २०८२/८३ को लागि स्वीकृत भएका आयोजना तथा कार्यक्रमको कार्यान्वयन मार्फत समृद्ध नगर निर्माण गर्न महत्वपूर्ण योगदान पुर्याउने विश्वास लिएकोछु ।

७३. खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई बढी भन्दा बढी प्रतिस्पर्धा कायम हुने गरी बोलपत्रको माध्यमवाट खर्चलाई प्राथमिकता दिईनेछ । आयोजनाको लाभ प्राप्त गर्ने आयोजनास्थल वरपरका वास्तविक उपभोक्ताहरुको आमभेलावाट गठित उपभोक्ता समिति/लाभग्राही समुदायमार्फत मात्र निर्माण कार्य गराई निर्माण कार्यमा बिचौलियाको अन्त्य गरिनेछ ।

७४. आगामी आर्थिक बर्ष भ्रष्टाचार नियन्त्रणमा शुन्य सहनशिलताको नीति अपनाईनेछ । भ्रष्टाचार र अनियमितता नियन्त्रणको लागि प्रभावकारी उपायहरु अवलम्वन गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

७५. अब म आर्थिक बर्ष २०८२/८३ को लागि स्वीकृत क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि कूल बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहान्छु ।

७६. आगामी आर्थिक बर्षका लागि पारित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. १ अर्ब ८० करोड रकम विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु ७७ करोड ८६ लाख ८६ हजार (४३.२६ प्रतिशत) , पूँजीगत तर्फ रु. १ अर्ब २ करोड ३ लाख १४ हजार ( ५६.६८ प्रतिशत) र वित्तीय व्यवस्था तर्फ रु. १० लाख (०.०६ प्रतिशत) रहेको छ ।

७७. आगामी आर्थिक बर्षको लागि अनुमान गरिएको खर्च मध्ये संघीय सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँडवाट रु. ५८ करोड ९० लाख २९ हजार, प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँडवाट रु. १४ करोड ११ लाख ५३ हजार, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रु. २३ करोड, आन्तरिक एवं अन्य आयवाट रु. ३५ करोड २३ लाख १८ हजार, जनसहभागिताबाट ७५ लाख र चालु आर्थिक बर्ष बाट अल्या हुने रकम रु. ४८ करोड बाट व्यहोरिने छ ।

**सभाध्यक्ष महोदय,**

७८. अब म आगामी आर्थिक बर्ष २०८२/८३ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७९. संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा आधारित राजस्व संरचनालाई परिवर्तन गरी आन्तरिक राजस्वको हिस्सा बढाउने र राजस्वको दायरा विस्तार गर्ने लक्ष्य लिएको छु ।

८०. ब्यबसायमैत्री वातावरण सिर्जना गरी करदाताको मनोवल उच्च हुने एवं नगरपालिकाको करको हिस्सा समेत बढ्ने गरी करको दायरा विस्तार, करका दरमा समयानुकूल हेरफेर, कर प्रणालीमा सुधार एवं करदातामैत्री राजस्व प्रणाली विकास गरिनेछ । सोको लागि कर अभियान संचालन, करदाता शिक्षा, करदातालाई सम्मान, कर तिर्ने एवं नतिर्नेको विवरण सार्वजनिकीकरण, राजस्व संकलनमा उत्कृष्ट वडा कार्यालय एवं कर्मचारीलाई पुरस्कृत गर्ने लगायतका कार्यक्रम संचालन गरिनेछ ।

८१. नगर क्षेत्रभित्रका ठूला करदाताहरुलाई करको दायरामा ल्याई हाल सम्म उठ्न वाँकी/वक्यौता कर असुल गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

८२. आगामी आर्थिक बर्ष २०८२/८३ मा राजस्व परामर्श समितिको सिफारिसको आधारमा करका नयाँ शिर्षकहरु पहिचान, विद्यमान करका दरमा पुनरावलोकन, विभिन्न करमा छुट तथा सहुलियत प्रदान, विभिन्न शिर्षकहरुमा दण्ड जरिवाना निर्धारण तथा पुनरावलोकन गरिएको छ । आर्थिक ऐन मार्फत आगामी आर्थिक बर्षमा करका विभिन्न दरहरुमा निश्चित समयको लागि १० देखि ७५ प्रतिशत सम्म छुटको व्यवस्था गरेकोछु भने चालु आर्थिक वर्ष २०८१/८२ सम्म तिर्न बाँकी सम्पूर्ण बक्यौता कर आर्थिक बर्ष २०८२/८३ को पुस मसान्तसम्म तिर्न आएमा आर्थिक बर्ष २०७७/७८

सम्मको बक्यौता करमा लाग्ने जरिवाना पूर्ण छुट हुने व्यवस्था मिलाएको छु । साथै, चालु आर्थिक बर्ष २०८२/८३ सम्म ५० लाख वा सो भन्दा वढी वक्यौता सम्पतिकर दायित्व भएका करदाताहरुलाई उक्त सम्पूर्ण वक्यौता कर आर्थिक वर्ष २०८२/८३ भरी तिर्न आएमा आर्थिक बर्ष २०८२/८३ को सम्पति कर दायित्वमा ४० प्रतिशत छुट हुने व्यवस्था मिलाएको छु । बार्षिक सम्पतिकर दायित्व २५ लाख वा सो भन्दा बढी भएका करदाताले चाहेमा सम्पूर्ण कर एकमुष्ट वा आर्थिक बर्षभरि ३ किस्ता सम्ममा तिर्न सक्ने व्यवस्था मिलाएकोछु ।पूर्व स्वीकृति नलिई निर्माण गरिएका संरचनाको हकमा २०८२ असोज मसान्तसम्म नक्सापासको दायरामा आएमा नक्सापास नियमित/अभिलेखिकरणको लागि तोकिएको थप जरिवानामध्ये ७५ प्रतिशत छुटको व्यवस्था मिलाएकोछु । सो सम्वन्धी विस्तृत विवरण यस गरिमामय सभा समक्ष पेश हुने आर्थिक विधेयकमा उल्लेख गरेको छु ।

८३. करदातामैत्री कर नीति, कर संकलनमा सुचना प्रविधिको प्रयोग, कर संकलनमा संलग्न जनशक्तिको दक्षता र व्यवसयिकता बृद्धि तथा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, करदाता शिक्षा, सचेतनामूलक कार्यक्रम, चुहावट नियन्त्रण मार्फत स्वतः स्फूर्त रुपमा कर तिर्न नागरिकहरुलाई प्रोत्साहित गरिनेछ । कर अनुगमन प्रभावकारी रुपमा गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

८४. आर्थिक बर्ष २०८०/८१ को यथार्थ आम्दानी तथा खर्च, आर्थिक बर्ष २०८१/८२ को आय व्ययको संशोधित अनुमान, आर्थिक बर्ष २०८२/८३ को अनुमानित आय व्यय विवरण तथा आर्थिक बर्ष २०८३/८४ र २०८४/८५ को आय व्ययको प्रक्षेपण संलग्न अनुसूची बमोजिम नगरसभा समक्ष पेश गरेको छु ।

८५. मैले प्रस्तुत गरेको आगामी आर्थिक बर्ष २०८२/८३ को बजेटको कार्यान्वयनवाट रोजगारी सिर्जना, गरिवी निवारण, गुणस्तरीय र जीवन उपयोगी शिक्षा, आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धि, सडक, विद्युत, पुल, खानेपानी, सि.सि.क्यामेरा जडान, पार्क लगायतका पूर्वाधार निर्माण, सामाजिक सशक्तिकरण मार्फत "**कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर**" स्थापना भई **समृद्ध नेपाल सुखी नेपालीको** दीर्घकालिन राष्ट्रिय सोचलाई सार्थक वनाउनमा योगदान पुर्याउने छ भन्ने विश्वास लिएको छु।

८६. सभा समक्ष प्रस्तुत गरिएको आर्थिक बर्ष २०८२/८३ को बजेट तथा सो साथ संलग्न विवरणमा सभाका सबै सदस्यको पूर्ण समर्थन तथा सो को कार्यान्वयनमा सहयोग र सहकार्य रहने विश्वास लिएको छु ।

८७. बजेट तर्जुमाको क्रममा मार्गदर्शन गर्नुहुने नगरप्रमुखज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु, महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने विभिन्न राजनीतिक दल, अर्थविद्, नीजि क्षेत्र, सहकारी क्षेत्र, विभिन्न विधाका विज्ञ, बुद्धिजीवि, नागरिक समाज तथा आम नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु

।साथै बजेट तर्जुमामा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

८८. अन्त्यमा, सवै टोखावासी दिदी बहिनी तथा दाजुभाईहरुलाई टोखाको विकास र नगरवासीको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट भई आवश्यक सहयोग पुर्याउन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

(मुरारी तामाङ्ग)
उपप्रमुख

२०८२ असार ८, आईतबार
ने.सं. ११४५, तछलागा, द्वादशी